# <u>जिल्ला विकास समितिको कार्यालयबाट गरिने गा.वि.स.हरुको अनुगमन सम्बन्धी मार्गदर्शन</u>

## १. <u>पृष्ठभुमि :</u>

स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायहरुलाई आफ्नो क्षेत्रको विकासको लागि स्रोतको परिचालन एवं समानुपातिक एवं सन्तुलित वितरण गर्न स्वायत्तता प्रदान गरेको छ । यस्तो जिम्मेवारी निर्वाह र अधिकारको प्रयोग गर्दा जनता प्रति जवाफदेहि वहन गर्न सक्ने संस्थागत क्षमताको विकासमा समेत जोड दिएको छ । स्थानीय निकायहरुलाई तोकिएको जिम्मेवारी वहन गर्न नेपाल सरकार र दातृ निकायवाट सशर्त र निशर्त अनुदानको रुपमा वर्षेनी ठूलो रकम उपलब्ध हुदैं आईरहेको छ भने स्थानिय निकायले आफ्नै आन्तरिक स्रोतको परिचालन गरी कार्यक्रम कार्यान्वयन गर्दै आईरहेका छन् ।

स्थानीय निकायलाई केन्द्रवाट प्राप्त हुने अनुदान साथै स्थानीय स्तरमा उपलब्ध स्रोत साधन सीप र प्रविधिको अधिकतम् रुपमा परिचालन र उपयोग भएको छ वा छैन ? संचालित विकास कार्यक्रमलाई दिगो एवं समावेशी वनाउन योजना तर्जुमा देखि अनुगमन मुल्याकंन सम्मका गतिविधिहरुमा सरोकारवाला एवं स्थानीय जनताको अर्थपूर्ण सहभागिता भएको छ वा छैन ? मन्त्रालयबाट समय समयमा भएका नीतिगत निर्देशनको पूर्ण पालना भएको छ वा छैन ? सेवा प्रवाहको अवस्था प्रभावकारी छ वा छैन ? भनी निरन्तर अनुगमन र सुपरिवेक्षण गरिनुपर्ने हुन्छ । जिल्ला विकास समिति र नगरपालिकाहरुको मन्त्रालयबाट नियमित एवं आकस्मिक अनुगमन गरी सो को आधारमा पृष्ठपोषण लिने दिने काम निरन्तर हुँदै आएपनि गा.वि.स.स्तरसम्म मन्त्रालयको प्रत्यक्ष अनुगमन सम्भव र व्यवहारिक देखिंदैन । प्रत्येक जिल्ला विकास समितिहरुलाई आफ्नो जिल्लाभित्रका गा.वि.सहरुको अनुगमन र समन्वय गर्ने जिम्मेवारी र अधिकार ऐन, नियमले दिएता पनि सो प्रभावकारी नभएको र गा.वि.स.स्तरमा वित्तिय जोखिम बढ्दै गएको तथ्य विभिन्न माध्यमबाट बाहिर आईरहेका छन् । यस्तो अवस्थामा सम्पूर्ण जिल्ला विकास समितिहरुलाई आफ्नो जिल्लाभित्रका गा.वि.स.हरुको सघन र निरन्तर अनुगमन गरी सो को आधारमा सुधारका कदम चाल्ने प्रकृयालाई संस्थागत गर्न जरुरी भैसकेको छ । विगतमा योजनाबद्ध र नियमित भन्दा पटके रुपमा भैरहेको अनुगमन प्रकृयालाई नियमित, सघन र सूचकमा आवद्ध बनाई प्रभावकारी बनाउन प्रत्येक जि.वि.स.ले गा.वि.स.को अनुगमन गर्दा अपनाउने प्रकृया, प्रयोग गर्ने न्यूनतम सूचक र प्रतिवेदनको ढाँचा स्वीकृत गरी सोही अनुसार कार्यान्वयन गर्ने प्रयोजनको लागि यो मार्गदर्शन तयार पारिएको छ ।

## <u>२. अनुगमन टोली गठन र अनुगमन प्रकृया</u>

अनुगमन टोली गठन र अनुगमन प्रकृया देहाय वमोजिम हुनेछ :

क) स्थानीय विकास अधिकारीले जिल्ला विकास समितिको कर्मचारीको संयोजकत्वमा विषयगत कार्यालयका कर्मचारीहरु समेत रहने गरी बढीमा ३ सदस्य (सम्भव भएसम्म १जना प्राविधिक) रहने गरी अनुगमन टोली गठन गर्ने । आवश्यकताअनुसार १ भन्दा बढी टोली खटाउन सकिने ।

ख) अनुगमन समिति गठन गर्दा आवश्यक जिम्मेवारी, अधिकार र आचार संहिता सहितको TOR तोकी पठाउनुपर्नेछ ।

ग) एक आ.व. मा प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाभित्र रहेका सम्पूर्ण गा.वि.स.को कम्तिमा २५ प्रतिशत गा.वि.स.को यस मार्गदर्शन बमोजिम सघन अनुगमन गर्नुपर्नेछ । गाविसहरु छान्दा प्रगति प्रतिवेदन समयमा उपलव्ध नगराउने वा आंशिक रुपमा उपलव्ध गराउने वा प्रगति पछाडि परेका गाविसहरुलाई प्राथमिकता दिई छान्नुपर्नेछ । साथै सञ्चार माध्यममा अनियमितता सम्वन्धी खवर आएको गाविसलाई जुनसुकै समय वा एक भन्दा वढि पटक अनुगमन गर्न सकिनेछ ।

घ) अनुगमन गर्दा आवश्यकता अनुसार देहायका सवै वा कुनै तरिकाहरु अवलम्बन गर्नुपर्नेछ :-

- स्थलगत निरीक्षण, अध्ययन, अवलोकन ।
- सम्बन्धित अभिलेखहरुको अध्ययन र विश्लेषण
- स्थानीय तहका राजनैतिक दलका पदाधिकारी तथा स्थानीय निकाय संचालनको राजनैतिक संयन्त्रका प्रतिनिधिहरुसंग छलफल
- सम्बन्धित उपभोक्ता, सेवाग्राही, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग भेटघाट र छलफल ।
- आवश्यकता अनुसार योजनाको प्राविधिक पक्षको अध्ययन ।
- सेवाग्राहीहरुको सम्बन्धित निकायप्रतिको धारणा संकलन ।
- अनुगमनको शिलशिलामा उपयुक्त देखिएका अन्य तरिकाहरु ।

## ३. प्रतिवेदन प्रणाली र पृष्ठपोषण

अनुगमन टोलीले अनुगमन कार्य सम्पन्न भएपछि प्रतिवेदन पेश गर्ने र सो उपर कारवाहीको प्रकृया देहाय वमोजिम हुनेछ :

क) अनुगमन टोलीले यसैसाथ संलग्न ढाँचामा प्रतिवेदन जि.वि.स.मा पेश गर्नुपर्नेछ । यसका अतिरिक्त आवश्यक देखिएका अन्य महत्वपूर्ण विषय समेत समावेश गरी जि.वि.स.मा प्रतिवेदन पेश गर्न सक्नेछ ।

ख) अनुगमन गर्दा यस मार्गदर्शन बमोजिम गत आ.व. को सबै र चालु आ.व.को अनुगमन गर्ने अवधिसम्मको सम्पूर्ण सम्पादित कामको विवरण संलग्न गर्नुपर्नेछ ।

ग) प्राप्त प्रतिवेदनलाई जि.वि.स.ले जिल्ला स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिमा छलफल गरी आवश्यक निर्णय लिनुपर्नेछ । साथै जिल्ला विकास समितिको चौमासिक तथा बार्षिक समीक्षामा समेत छलफल गराउनुपर्नेछ । छलफलको निर्णयका आधारमा जि.वि.स.ले सुधारका लागि आवश्यक कारवाही गर्नुपर्नेछ ।

घ) जिल्ला विकास समितिले अनुगमन प्रतिवेदनका आधारमा देखिएका महत्वपूर्ण सवालहरु र गरिएका निर्णयहरु समेतको संक्षिप्त प्रतिवेदन मन्त्रालयको स्थानीय निकाय सहयोग शाखामा निरन्तर पठाउनुपर्नेछ ।

ङ) यसरी अनुगमन गर्दा प्रचलित ऐन नियमको पालना नभएको, कार्यान्वयनमा गम्भीर त्रुटी एवं लापरवाही देखिएको, रकम कलमको हिनामिना भएको पाईएमा सम्बन्धित पदाधिकारीलाई तत्कालै स्पष्टीकरण लिई कारवाही प्रारम्भ गर्ने । यसरी कारवाही प्रारम्भ भएकोमा सो को जानकारी अविलम्ब मन्त्रालयलाई गराउने । यसरी गरिने कारवाहीमा आवश्यक्तानुसार स्थानीय प्रशासन एवं अन्य निकायहरुको सहयोग लिन सक्ने ।

# जिल्ला विकास समितिको कार्यालयद्धारा गरिने
## गा.वि.स.को अनुगमन प्रतिवेदनको ढाँचा

**अनुगमन गरिएको गा.वि.स.को नाम :**

| मुख्य क्षेत्र | अनुगमनमा देखिएको यथार्थ विवरण<br>(देहायका सूचकको व्याख्यात्मक टिप्पणी) | सिफारिस /सुझाव<br>(व्याख्यात्मक ) | कैफियत |
|---|---|---|---|
| १. जनशक्ति व्यवस्थापन | स्थानीय स्वायत्त शासन ऐनको दफा २४९ वमोजिम सिर्जना गरिएका दरवन्दी र पदपूर्तिको अवस्था र सो को विवरण | | |
| | गा.वि.स.को कर्मचारी संम्वन्धि विवरण (संख्यामा)<br>● प्राविधिक कर्मचारी<br>● प्रशासनिक कर्मचारी<br>● स्थायी/अस्थायी र ज्यालादारीमा भए सो को एकिकृत विवरण ( महिला पुरुष छुट्टिने गरी ) | | |
| | कार्यरत कर्मचारीहरुले निर्धारित तलव भत्ता र पारिश्रमिक वाहेक परिषदवाट निर्णय गराई वा अन्य कुनै तवरवाट निर्णय गरी कुनै किसिमको थप भत्ता सुविधा लिएको भए सो को विवरण, यस्तो थप भत्ता सुविधामा भएको बार्षिक खर्च व्यहोर्ने श्रोत सम्बन्धी विवरण | | |
| | संगठन संरचना तयार भै परिषदबाट स्वीकृत भएको भए स्वीकृत भएको मिति, पदपूर्ति समितिको गठन भएको वा नभएको, भएको भए वैठक संख्या र गरिएका निर्णयहरुको सारसंक्षेप | | |
| | कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन नियमित रुपमा गरे नगरेको | | |
| | कर्मचारीहरुको सम्पत्ति विवरण व्यवस्थित गरी राखे नराखेको अवस्था | | |
| | जनशक्ति विकासका लागि तालिम प्रशिक्षण संचालन गर्न बजेटको व्यवस्था भएको भए सो को विवरण | | |
| २. बजेट तथा योजना तर्जुमा | स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६ र गा.वि.स. अनुदान संचालन कार्यविधि बमोजिम परिषदबाट सहभागितामूलक योजना पद्धतिको अबलम्बन गरी योजना तर्जुमा र स्वीकृति भए नभएको स्थिति र परिषद् सम्पन्न भएको मिति | | |

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>अनुगमनमा देखिएको यथार्थ विवरण<br>(देहायका सूचकको व्याख्यात्मक टिप्पणी)</th><th>सिफारिस /सुझाव<br>(व्याख्यात्मक )</th><th>कैफियत</th></tr>
<tr><td rowspan="5"></td><td>परिषदवाट कार्यक्रम तथा वजेट पारित गर्दा विस्तृत र पूर्ण रुपमा स्थानगत योजना तयार भए नभएको स्थिति र प्रत्येक वोर्ड वैठकवाट योजना छान्ने र वजेट बाँडफाँड गर्ने पद्दतिको अन्त्य भए नभएको स्थिति</td><td></td><td></td></tr>
<tr><td>महिला, वालवालिका, अपाङ्ग, दलित, मधेशी मुस्लिम तथा जनजाति, पिछडा वर्गलाई लक्षित गरी योजना तर्जुमा र सञ्चालन र बजेट रकमको विवरण<br>लक्षित बर्गलाई विनियोजित बजेटबाट संचालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण</td><td></td><td></td></tr>
<tr><td>वालमैत्री स्थानीय शासन पद्धति अवलम्वनको अवस्था, वालमैत्री योजना र लगानीको अवस्था, Child Profile तयार भए नभएको, वालमैत्री स्थानीय सूचकको स्थानीयकरण गरे नगरेको ।</td><td></td><td></td></tr>
<tr><td>Village Profile तयार भए नभएको अवस्था</td><td></td><td></td></tr>
<tr><td>वजेट तथा कार्यक्रम वनाउँदा यथार्थ श्रोतमा आधारित भई निर्माण गरिएको छ छैन</td><td></td><td></td></tr>
<tr><td rowspan="6">३. योजना कार्यान्वयन र व्यवस्थापन</td><td>परिषद्को निर्णय अनुसार गा.वि.स.बाट संचालित आयोजनाको प्रकृत्ति, योजना कार्यान्वयनको अवस्था , उपभोक्ता समिति र ठेक्कापट्टावाट सञ्चालन भएका योजनाको विवरण
<table>
<tr><th>क्षेत्र</th><th>संचालन प्रकृया</th><th>कार्यान्वयनको अवस्था</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>योजना/आयोजना संचालनका लागि लगत इष्टिमेट तयारी, उपभोक्ता समिति गठन, संझौता, पेश्की, भुक्तानी प्रकृयाको अवस्था ।</td><td></td><td></td></tr>
<tr><td>कार्यान्वयन कार्य कार्यतालिका तयार भै समयमै कार्यान्वयनका लागि उ.स./ठेकेदारसंग सम्झौता</td><td></td><td></td></tr>
<tr><td>उपभोक्ता समितिलाई तालिम कतिपटक कति जनालाई दिइयो सो को विवरण</td><td></td><td></td></tr>
<tr><td>उपभोक्ताको लागत/श्रम सहभागिता (सम्भव भए औषत प्रतिशत समेत)</td><td></td><td></td></tr>
<tr><td>उपभोक्ता समिति गठन गर्दा सुपरीवेक्षण एवं अनुगमन समितिको गठन जम्मा उपभोक्ता समितिमध्ये कतिवटा उपभोक्ता समितिमा भयो? सो को विवरण</td><td></td><td></td></tr>
</table>

| मुख्य क्षेत्र | अनुगमनमा देखिएको यथार्थ विवरण<br>(देहायका सूचकको व्याख्यात्मक टिप्पणी) | सिफारिस /सुझाव<br>(व्याख्यात्मक ) | कैफियत |
|---|---|---|---|
| | समयमै लक्ष्य अनुसार काम सम्पन हुन नसकेका, अधुरा र क्रमागत आयोजनाहरुको विवरण । | | |
| | सरकारी निकायहरु / गै.स.स. संग साझेदारीमा संचालन भएका योजनाको विवरण | | |
| | आयोजना मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरेको भएको सो को विवरण | | |
| | उपभोक्ता समिति मार्फत सञ्चालित कार्यक्रम/आयोजनाको कार्यान्वयनमा आई परेका समस्याहरु | | |
| **४. योजनाको अभिलेख, प्रतिवेदन, अनुगमन र सुपरीवेक्षण** | योजनाको अभिलेखका लागि स्थानीय स्वायत्त शासन नियमावली (आ.प्र.समेत), अनुदान सञ्चालन कार्यविधिले तोकेका फारामहरु अनुसार अभिलेख राख्ने व्यवस्था भए नभएको विवरण | | |
| | आयोजनाहरुको अनुगमन कसरी भएको छ ? यथार्थ विवरण | | |
| | गाउँ सुपरीवेक्षण तथा अनुगमन समितिको गठन र क्रियाशिलता | | |
| | रु.दुई लाख भन्दा वढी लागत भएका आयोजनाहरुको सूचना पाटी राख्ने गरे नगरेको | | |
| | मासिक /चौमासिक/बार्षिक प्रगति प्रतिवेदन गर्ने व्यवस्थाको नियमितता तथा नगरेको भए कुन कुन महिनाको छैन ? सो को विवरण | | |
| | आयोजना लगत खाता र योजना खाता राख्ने गरेको छ छैन सो को विवरण | | |
| | आन्तरिक स्रोतको अध्ययन, प्रक्षेपण, लक्ष्य र प्रगतिको स्थिति, राजश्व बृद्धिका लागि गरिएका प्रयासहरु | | |
| **५. वित्तिय व्यवस्थापन र श्रोत परिचालन** | परिषद्वाट वजेट वाँडफाँड गर्दा दामासाही वा भागवण्डाको हिसावले वा अवण्डा राखि पछि पटके निर्णयवाट वाँडफाँड गर्ने गरेको भए कुन शीर्षकमा कति रकम राखि कसरी वितरण गरियो सो को विवरण । | | |
| | अनुदान संचालन कार्यविधि बमोजिम पूँजिगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा कुनै लगानी वा खर्च भएको भए सो को विवरण । | | |
| | लेखा परीक्षणबाट औल्याइएको एवं योजनामा दिईएको वाँकी पेश्कीको विवरण | | |

| मुख्य क्षेत्र | अनुगमनमा देखिएको यथार्थ विवरण<br>(देहायका सूचकको व्याख्यात्मक टिप्पणी) | सिफारिस /सुझाव<br>(व्याख्यात्मक ) | कैफियत |
|---|---|---|---|
| | बेरुजुको अवस्था र फछ्र्यौट भएको र प्रकृयामा रहेको विवरण | | |
| | कार्यालय आफै वा कर्मचारीवाट अमानतमा गरेको निर्माण तथा खरिद सम्वन्धी काम कारवाही भए सो को विवरण | | |
| | गा.वि.स.ले आ.व.को अन्त्यमा रकम फ्रिज नगर्ने मनसायले वा अन्य मनसायले उपभोक्ता समितिको खातामा रकम स्थानान्तरण गर्ने गरिएको वा नियमभन्दा बढी पेश्की दिने गरिएको छ, छैन । | | |
| | उपलव्ध गराइएको आर्थिक सहायता, चन्दा, पुरस्कार, संस्थागत अनुदान र विविध खर्चको अवस्था , सो को विवरण र सार्वजनिकीकरण गरिए नगरिएको अवस्था | | |
| | आन्तरिक र बाह्य श्रोतको यथार्थ आय बमोजिम चालु (संचालन) र पूँजिगत खर्चको बाँडफाँड ।<br>○ आफ्नै श्रोतको यथार्थ आय रु<br>○ प्राप्त बाह्य अनुदान<br>○ राजश्व बाँडफाँडबाट प्राप्त रकम<br>○ अन्य आय<br>जम्मा रकम<br>प्रशासनिक खर्च र पुँजिगत खर्चको रकम र प्रतिशत | | |
| | आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको अवस्था | | |
| | धरौटी खाता अध्यावधिक गरी राखिएको छ छैन र सो वाट अन्यत्र रकम सापटी लगि खर्च गर्ने गरे नगरेको | | |
| | कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने गरिएको छ छैन | | |
| **६. अचल सम्पत्ती व्यवस्थापन र संरक्षण** | आफ्नो स्वामित्वमा रहेका सम्पूर्ण अचल सम्पत्तीहरुको अद्यावधिक<br>अभिलेख, रेखदेख र सदुपयोगको अवस्था | | |
| | जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको मिति र प्रतिवेदनमा उल्लेखित मुख्य सवालहरु | | |
| | जिन्सी निरक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने सरसामानहरुका सम्बन्धमा भएको कारवाही | | |

| मुख्य क्षेत्र | अनुगमनमा देखिएको यथार्थ विवरण<br>(देहायका सूचकको व्याख्यात्मक टिप्पणी) | सिफारिस /सुझाव<br>(व्याख्यात्मक ) | कैफियत |
|---|---|---|---|
| | भवन, सम्पत्ती, मेशीन उपकरण आदि हानीनोक्सानी हुन नदिन<br>भएका व्यवस्थाहरु | | |
| | चल अचल सम्पति, जग्गा, भवन आदि अनाधिकृत  रुपमा कसैले कव्जा गरी वसेको सो को विवरण र हटाउन गरिएका प्रयास | | |
| | कार्यालय/आवास/परिसर आदिको उपयुक्त सरसफाई र संरक्षणको अवस्था , सुधार गर्नुपर्ने कुरा | | |
| **७. जनतामा सेवा प्रवाह, सुशासन र पारदर्शिता** | नागरिक वडापत्र अद्यावधिक गर्ने कार्य र सेवा प्रदान भए नभएको अवस्था | | |
| | उजुरी पेटिकाको व्यवस्थापन | | |
| | मन्त्रालयवाट जारी कार्यविधि निर्देशिका  एवं परिपत्रको पालनाको अवस्था | | |
| | भए गरेका निर्णयहरुलाई सार्वजनिक गरिए नगरिएको अवस्था | | |
| | प्राप्त परिपत्रहरु सबै कर्मचारी, सर्बदलिय संयन्त्रका पदाधिकारी र सम्वद्ध सरोकारवालाहरुलाई नियमित रुपमा जानकारी गराएको स्थिति | | |
| | सार्वजनिक सुनुवाई भयो, भएन भएको भए कतिपटक भयो ? सो को विवरण | | |
| | कार्यान्वयन गरिएका आयोजनाहरुको सार्वजनिक परीक्षण गरे नगरेको | | |
| | न्यूनतम शर्त (MC) पुरा गरे नगरेको ? पुरा नगरेको भए सो को विवरण | | |
| | गाविसवाट सञ्चालित कार्यक्रम, आयोजना र वजेटको सार्वजनिकीकरण भएका माध्यमहरुको विवरण (कुनमा कति पटक के के सार्वजनिक भयो) | | |
| **८.सामाजिक सुरक्षा, पंजीकरण र सामाजिक परिचालन** | सामाजिक सुरक्षा भत्ता पाउने लक्षित वर्गको विवरण (वाल संरक्षण अनुदान सहित ) | | |
| | मरेको वा वसाई सरेको वा हुदै नभएका व्यक्तिको नाममा भत्ता वितरण भए नभएको, भएको भए सो को विवरण | | |
| | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको नामावली प्रकाशन गरे नगरेको स्थिति | | |
| | सामाजिक सुरक्षा भत्ता वितरण को अनुगमनका लागि गरिएको व्यवस्था | | |
| | सामाजिक सुरक्षा भत्ताको पेश्की बेरुजुको अवस्था र फछ्र्यौटको विवरण | | |

| मुख्य क्षेत्र | अनुगमनमा देखिएको यथार्थ विवरण (देहायका सूचकको व्याख्यात्मक टिप्पणी) | सिफारिस /सुझाव (व्याख्यात्मक ) | कैफियत |
|---|---|---|---|
| | सामाजिक सुरक्षा भत्ताको रकम वजेट निकासा लिने तर समयमा वितरण भए नभएको सो को विवरण | | |
| | सामाजिक सुरक्षा भत्ता लिनेको विवरण निर्देशिका वमोजिमको अभिलेखमा अद्यावधिक स्थिति | | |
| | चालु आ.व.मा व्यक्तिगत घटना दर्ताको संख्या र सो को विवरण | | |
| | व्यक्तिगत घटना दर्ताको र सामाजिक सरक्षा भत्ताको प्रगति सम्वन्धित निकायमा नियमित रुपमा नपठाएको भए कुन कुन महिनाको हो ? सो को विवरण | | |
| | सामाजिक परिचालन सम्बन्धी सन्चालित क्रियाकलापहरुको विवरण | | |
| | सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको आयोजना लगानी विवरण तालिका स्वीकृतीको अवस्था | | |
| | वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन र सञ्चालन सम्बन्धी व्यवस्था | | |
| ९. अन्य | अनुगमन टोलीले आवश्यक देखेका अन्य विषय | | |

**<u>प्रतिवेदक</u>** **<u>हस्ताक्षर</u>**

अनुगमन टोलीका संयोजक :

सदस्य :

सदस्य :

मिति :